**कोभिड १९ को संभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्वन्धी मापदण्ड २०७६**

संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न विजयनगर गाउँपालिकाले यो मापदण्ड तयार गरिएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः** १ यस मापदण्डको नाम असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्वन्धी मापदण्ड २०७६ रहनेछ ।

२ यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग भन्नाले दैनिक रुपमा कामकाज गरि पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक कामदार वा मजदुर सम्झनु पर्छ ।

ख असहाय भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहीनभई मन्दीर आश्रम धर्मशाला गुम्बा मस्जिद गुरुद्वारा चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनुपर्छ।

ग राहत भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम विजयनगर गाउँपालिकाले मापदण्डको दफा बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामग्री सम्झनुपर्छ।

**३ अभिलेख राखुपर्ने** १ यस मापदण्ड बमोजिमको राहत देहाए बमोजिमको राहत देहाएका श्रमिक बर्ग तथा असहायहरुलाई प्रदान गर्न वडा कार्यालयहरुले अभिलेख तयार गर्नुपर्नेछः

क पसलबाट ग्राहकको घर सम्म सामान ओसार पसार गर्ने श्रमिक

ख पर्यटक भरिया निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक बस्तुहरु ओसारपसार गर्ने व्यक्ति

ग ट्रक ट्रिपर भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक

घ अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरि काम गर्ने कृषि मजदुर

ङ आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाइ शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति

च गिटि कुट्ने बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर

छ निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी सिकर्मी हेल्पर लगाएतका मजदुर

ज नाङ्लो पसले दैनिक रुपमा पत्रिका वितरक साना फूटापाथ पसले ठेला गाडा तथा साइकलमा सामान विक्री वितरण गरि गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर

झ देहाएका यातायात मजदुर

१ अन्य व्यक्तिको मालबाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक सहचालक

२ दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक

३ रिक्सा तथा ठेलागाडा चालक

४ सवारी साधनको मर्मत संभार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर

ञ अन्य व्यक्तिको गार्मेन्ट कार्पेट टेलरिङ्ग गलैचा बुट्टा तथा जर्ति भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर

ट विजयनगर गाउँपालिका भित्र दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

२ यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसुची १ बमोजिम सम्वन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिइ तीन दिन भित्र तयार गरि सार्वजनिक गर्नुपर्नेछ ।

४ राहत वितरण गर्नुपर्नेः दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्वन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

५ राहत सामाग्रीः खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारका लागि देहाए बमोजिम सामग्री राहत स्वरुप वितरण गरिनेछ ।

क चामल ४ भन्दा कम परिवार संख्याका लागि १५ केजी र सो भन्दा माथी परिवार संख्याका लागि २० केजी

ख दाल २ केजी

ग नुन १ पाकेट

घ खाने तेल १ लीटर

ङ सोयाविन मस्यौरा आधा केजी

२ यस मापदण्ड बमोजिम रहत वितरण गर्दा एक परिवारलाई एक ईकाई मानी सम्वन्धित वडाले अभिलेख कायम गनुपर्नेछ । साथै परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) बमोजिमको राहत सामाग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

३ यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखीएको भएतापनि श्रमिक बर्ग तथा असाय तथा तिन संगसंगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै बैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

४ यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

६ वितरण गर्ने विधिः(१) देहाय विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछः

क) राहत वितरणको लागी सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाब्य भिड तथा अन्य ब्यवस्थापिका समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्नेः

  १) स्थानिय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानिय आपुर्ति कर्ताबाट मुल्य सुची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मुल्य यकिन गर्ने र उपलब्ध भए सम्मका आपुर्तिकर्ता छनौट गर्ने ।

  २) दफा ३ बमोजिमको लागतमा परेका श्रमिक बर्ग तथा असहायहरुलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलब्ध गराई उपखण्ड (१) बमोजिमको आपुर्तिकर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

**७) <u>राहत वितरणको अभिलेख र प्रतिवेदनः</u>**

१) सम्बन्धित वडाले वितरणको अनुसुची २ बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्बजनिक गर्नु पर्ने छ ।

२) प्रत्येक स्थानिय तहले राहतको प्रतिवेदन अनुसुची ३ बमोजिमको ढाचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाग र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय पठाउनु पर्ने छ ।

३) संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्ने छ।

**८) <u>कारवाही सम्बन्धी ब्यवस्थाः</u>**

१) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएको ब्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोर राहत लिनु हुँदैन ।

२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागी सिफारीस गर्ने पदाधिकारीलाई समेत प्रचालित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सीफारिस गरेको हद सम्मको रकम सम्बन्धित स्थानिय तहले निजबाट असुल गर्नु पर्नेछ ।

... भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरुलाई उपलब्ध गराईने रहात सम्बन्धी मापदण्ड ,२०७६**

**अनुसुची १**

**(दफा ३ संग सम्बन्धित)**

**अभिलेखको ढाँचा**

**<u>राहत प्राप्त गर्ने ब्यक्तिको विवरण</u>**

१ नाम थरः २ बाबुको नामः

३ बाजेको नामः ४ स्थायी ठेगानाः

५ हालको ठेगानाः ६ टेलीफोन वा मोबाईल नम्बर

७ दैनिक ज्यालादारीमा कार्यरत स्थानः

८ गर्ने गरेको कामको विवरणः

९ पेश गरेको कागजातको विवरणः(कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने )

क नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख गरिब घरपरिवार परिचयपत्रको प्रतिलिपि वा

ग सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

अन्यः

१० रहत लिने ब्यक्तिको स्वाघोषणाः

म र मेरा परिवारका सदस्यले रोजगारी,स्वारोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेकोका छैनन् ।मैले यस्तो राहत सुविधा दोहोरो लिएको पनि छैन ।माथि पेश गरेको विवरण ठीक साचो हो ।ब्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

| औठाको छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

निबेदकः

दस्तखतः

मितिः

सिफारिस गर्ने पदाधिकारीः

दस्तखतः स्थानिय तहको नामः

नामः पदः वडा नः

मिति

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरुलाई उपलब्ध गराईने रहात सम्बन्धी मापदण्ड ,२०७६

अनुसुची २

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

विजयनगर गाउँपालिका

वडा न. कार्यालयः

| सि.न. | रहत प्राप्त गर्ने ब्यक्तिको नाम | ठेगाना तथा टेलिफोन न. | बाबुको नाम | बाजेको नाम | रहतको विवरण | रहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |

रातहको वितरण गर्नेको:

दस्तखतः

नाम थरः

टेलीफोन नः

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

## असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरुलाई उपलब्ध गराईने रहात सम्बन्धी मापदण्ड ,२०७६

### अनुसुची ३

(दफा ७ को उपदफा २ संग सम्बन्धित)

विजयनगर गाउँपालिका

प्रतिबेदनको ढाँचा

| सि.न. | राहत प्राप्त गर्ने ब्यक्तिको | ठेगाना तथा टेलिफोन न. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत